## मिति २०८२ असोज ३० गतेको ६३ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : मन्त्रालय एवं अन्य निकायहरुबाट प्राप्त पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ३ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा

प्रस्ताव नं. ४ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ५ : सूचना प्रविधि अधिकृतको तह कायम गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : क्रसर उद्योग स्थापनाको सहजीकरणका लागि कार्यदल गठन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : वार्षिक समीक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा ।

प्रस्ताव नं. ८ : नेपाल सरकार/अर्थ मन्त्रालयको सुझाव कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ९ : ढुङ्गा, गिटी बालुवाको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १० : ठेक्काको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ११ : स्वास्थ्यकर्मीहरुको रात्रीकालिन सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं. १२: जाल्पा देवी मन्दिर निर्माण गर्न बहुवर्षिय योजनाको रुपमा ठेक्का व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १३ : डडुवा अर्फेचौर भटमासे मोटर बाटो बहुवर्षिय योजनाको रुपमा ठेक्का व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १४ : मापदण्ड विपरितका स्वागत गेटहरु हटाउने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : क्रसर प्रभावित योजना अन्तर्गत बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं. १६ : कार्यविधि निर्माण गर्न समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १७ : महिला आत्म निर्भरता केन्द्रसंग सम्झौता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १८ : तालामाराङ भट्टार सडक खण्ड अन्तर्गत मेलम्ची नदीमा ह्युम पाइप राखी यातायात संचालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १९ : अभिलेखीकरणको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. २० : सडक कालोपत्रे गर्न बजेट व्यवस्थाको लागि अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २१ : मापदण्ड विपरित संचालन भएका निजी स्वास्थ्य संस्थाहरु बन्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २२ : सौर्य बत्तीको मर्मत संभार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २३ : मेलम्ची दिपावली साँझ कार्यक्रम संचालनका लागि बजेट व्यवस्था सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णयहरु

निर्णय नं. ६३.१ : नगर कार्यपालिकाको मिति २०८२/०५/३१ गतेको ६२ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६३.२ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७० मिति २०८२/०६/२६ को पत्र मिति , च.नं. ७१ मिति २०८२/०६/२६ को पत्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. १२३४५ मिति २०८२/०६/०९ को सुझाव कार्यान्वयनको लागि लेखि आएको पत्र एवं विभिन्न निकायहरुबाट प्राप्त भएका पत्रको सम्बन्धमा यस कार्यपालिका बैठकमा जानकारी गराउनुको साथै पत्र मार्फत प्राप्त भएको सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६३.३ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ६३.४ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ १६.३ प्रतिशत र पूँजीगत तर्फ ४.२५ गरी समग्रमा १०.५८ प्रतिशत) को विषयमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

निर्णय नं. ६३.५ : नेपाल सरकार/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको च.नं. ५९ मिति २०८२/०६/०५ को पत्रबाट प्राप्त भएको स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ को उपदफा (१) मा कानूनी व्यवस्था बमोजिम अधिकृतस्तर सातौं तह कायम कायम गर्नको लागि मेलम्ची नगरपालिका कार्यालयमा सूचना प्रविधि अधिकृत (अधिकृतस्तर छैठौं तह) पदमा कार्यरत श्री अर्पना श्रेष्ठले तह कायम गरी पाउँ भनि निवेदन पेश गर्नु भएको हुँदा निजलाई कार्यविधिमा भएको कानूनी व्यवस्था बमोजिम सूचना प्रविधि अधिकृत (अधिकृतस्तर सातौं तह) पदमा तह मिलान गरी कार्य जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. ६३.६ : बागमती प्रदेश सरकार/भौतिक पूर्वाधार विकास मन्त्रालय/यातायात पूर्वाधार निर्देशनालय/ पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकको च.नं. १९१ मिति २०८२/०६/०५ को पत्रबाट आ.व. २०८१/०८२ मा पूर्वाधार विकास कार्यालय र निर्माण व्यवसायी श्री सारस-सिन्धुली जे.भि. बिच सम्झौता भई निर्माण कार्य भइरहेको चौतारा ठेक्का नं. IDOSIN/W/NCB/16/081-82 नवलपुर मेलम्ची सडक (चेनेज १६+२०० देखि २५+००० कि.मि.) स्तरोन्नतीको कार्य भइरहेको र उक्त सडक कालोपत्रे गर्नका लागि सब वेस, वेस तथा गिटी उत्पादनको लागि सडक क्षेत्र भित्र क्रसर स्थापनाका लागि सहजीकरण गरिदिनका लागि लेखि आएको हुँदा उक्त सम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल

१. पूर्वाधार विकास समिति संयोजक श्री चन्द्र बहादुर तामाङ - संयोजक
२. मेलम्ची नगरपालिका १० नं. वडाका वडा अध्यक्ष – सदस्य
३. पूर्वाधार शाखाका ईन्जिनियर प्रतिनिधि – सदस्य
४. वातावरण निरिक्षक- सदस्य
५. राजस्व शाखा प्रमुख – सदस्य सचिव

निर्णय नं. ६३.७ : मेलम्ची नगरपालिका र अन्तर्गतका कार्यालयबाट आ.व. २०८१/०८२ मा सम्पादन भएका कार्यहरुको वार्षिक समीक्षा कार्यक्रम मिति २०८२/०७/२४ गते संचालन गर्नुको साथै सार्वजनिक सुनुवाई सम्पन्न गर्न बाँकी रहेका वडा कार्यालयहरुले उक्त मितिसम्म सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्न निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.८ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३ मिति २०८२/०६/०८ को पत्र तथा नेपाल सरकार/अर्थ मन्त्रालयको च.नं. ११८ मिति २०८२/०६/०७ को पत्रबाट निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा लेखि आएको हुँदा उक्त पत्रबाट लेखि आएका विषयहरुमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो। साथै, उक्त पत्र मार्फत प्राप्त भएको निर्देशन एवं निर्णय कार्यान्वयन गर्न निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.९ : मेलम्ची नगरपालिका भित्रको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रबाट आ.व. २०८१/०८२ मा उत्खनन् भई मौज्दात रहेका ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको लिलाम बिक्रीका लागि मिति २०८२/०४/०१ मा सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम कुनै पनि बोलपत्रदाताबाट लिलाम सकार गर्नका लागि बोलपत्र पेश भएन। त्यसैगरी, ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा नदीजन्य पदार्थको उत्खनन्/बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि

मिति २०८२/०३/३१ गतेको राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम कुनै पनि बोलपत्रदाताले बोलपत्र पेश नगरेको हुँदा मिति २०८२/०४/०४ गते देखि मेलम्ची नगरपालिकाका कर्मचारीहरुबाट अमानतमा मौज्दात रहेका नदीजन्य पदार्थको बिक्री बापत प्राप्त हुने राजस्व संकलन भइरहेको र हाल उक्त ठेक्का समेत व्यवस्थापन हुन नसेकेको र मौज्दात रहेका नदीजन्य पदार्थको नाँपजाँचमा त्रुटी भई बढी परिमाणमा मौज्दात नाँपजाँच भएकोले पुन: मौज्दात नाँपजाँचका लागि विभिन्न क्रसर उद्योगहरुबाट यस कार्यालयमा निवेदन पेश भएको सन्दर्भमा उक्त निवेदनलाई समेत मध्यनजर गरी जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकलाई मौज्दात परिमाण नाँपजाँच गरिदिनका लागि कार्यपालिका बैठकको मिति २०८२/०४/३० को निर्णयानुसार अनुरोध गरिएकोमा जिल्ला समन्वय समितिको कार्यालयबाट ईन्जिनियर खटिई आएको र उक्त प्राविधिक टोलीबाट ईन्द्रावती नदी क्षेत्रमा मौज्दात रहेका बिक्री योग्य नदीजन्य पदार्थहरुको पुन: नाँपजाँच गर्दा १,०७,६३,०७३.८५ घ.फि. नदीजन्य पदार्थ बिक्री गर्न योग्य भनि प्रतिवेदन समेत प्राप्त भएको छ । यसरी, मेलम्ची नगरपालिकाका प्राविधिक कर्मचारी र जिल्ला समन्वय समितिका प्राविधिक कर्मचारीबाट गरिएको नाँपाजाँचबाट प्राप्त भएको मौज्दात परिमाणमा फरक पर्न गएको हुँदा मिति २०८२/३/३२ गते मेलम्ची नगरपालिकाका प्राविधिक कर्मचारीरुले नाँपजाँच गरेको विधि र भण्डारण क्षेत्रको समेत अध्ययन गरी पुन: तेस्रो पटक नाँपजाँच गर्नको लागि जिल्ला समन्वय समितिलाई अनुरोध गरिएकोमा जिल्ला समन्वय समितिका ईन्जिनियर र मेलम्ची नगरपालिकाको संयुक्त प्राविधिक टोलीबाट मिति २०८२ असोज २७ र २८ गते मेलम्ची नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदी क्षेत्रमा संचालित क्रसर उद्योग आसपासमा मौज्दात रहेका प्रशोधन गर्न योग्य नदीजन्य कच्चा पदार्थ, प्रशोधन पश्चात प्रयोगमा नआउने सामग्री, नदीजन्य पदार्थ थुपार्ने Platform मा रहेको नदीजन्य पदार्थ र नदीजन्य पदार्थ संकलन गर्ने पहुँच मार्गमा रहेका नदीजन्य पदार्थहरु समेत पुन: नाँपजाँच गर्दा प्रशोधन गर्न योग्य परिमाण १४६१६६०६.९२ घ.फि. र क्रसर उद्योगको प्लेट फर्ममा रहेको, प्रशोधन पश्चात उपयोगमा नआउने र पहुँचमार्गमा प्रयोग भएको तथा पुन: प्रयोगमा नआउने वा बिक्री गर्न नमिल्ने ११६७७८०५.३९ घ.फि. नदीजन्य पदार्थ रहेको भनि प्राविधिक प्रतिवेदन पेश भएको हुँदा क्रसर उद्योग आसपास क्षेत्रमा हाल मौज्दात रहेकोमध्ये बिक्री गर्न योग्य १४६१६६०६.९२ घ.फि. नदीजन्य पदार्थ र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको परिमाण ३११९८१३४.८३ घ.फि. गरी दुबै जोडी कूल हुन आउने ४५७३४७४१.७५ घ.फि. परिमाणमा प्रति घ.फि. रु. ७ का दरले मू.अ.कर बाहेक रु. ३२,०१,४३,१९२।२५ (अक्षरुपी बत्तीस करोड एक लाख त्रिचालिस हजार एक सय बयानब्बे रुपैया पैसा पच्चिस मात्र) मा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि बोलपत्र सूचना प्रकाशन गर्ने गरी ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६३.१० : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/०८१ मा ठेक्का सम्झौता भई निर्माण भइरहेको ठेक्का नं. MMSI/WORKS/NCB/2080-81/27 को Construction of Bhotechaur Dandagaun Healthpost Building Type 4 को कार्य दुई वटा वर्षायाममा परेको र उक्त अधिक वर्षाका कारण बाटो बन्द भई निर्माण सामग्री ढुवानी गर्न नसकिएको र सो कारणबाट निर्माण कार्य समयमा गर्न नसकिएकोले म्याद थपका लागि रुक्मिनी इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. ले निवेदन पेश गरेको हुँदा उक्त ठेक्काको एक पटकका लागि मिति २०८३ बैशाख मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.११ : मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची नगर अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सकहरुको प्रोत्साहन तथा स्वास्थ्यकर्मीहरुको रात्रीकालिन र सार्वजनिक बिदाको समयमा कार्य गर्दा थप श्रम र अतिरिक्त समय कार्य गर्नुपर्ने भएकोले उक्त समयमा कार्य गर्दा उपलब्ध गराइने अतिरिक्त भत्ता प्रदान गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि अध्ययन समिति गठन भएकोमा उक्त अध्ययन समितिले पेश गरेको प्रतिवेदनमा छलफल गरियो। मेलम्ची नगर अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुमा रात्रीकालिन समयमा कार्य गर्ने कर्मचारीहरुलाई दोश्रो त्रैमासिक देखि लागु हुने गरी ई-हाजिरीको आधारमा कार्यालय सहयोगीस्तरलाई प्रति दिन रु. ४००, सहायकस्तर तहको लागि प्रति दिन रु. ५००, अधिकृतस्तरको लागि प्रति दिन रु. ६०० र चिकित्सकहरुको लागि प्रति दिन रु.८०० थप अतिरिक्त भत्ता उपलब्ध गराउनको लागि सिफारिस गरेको हुँदा उक्त समितिको प्रतिवेदन बमोजिम थप सेवा सुविधा उपलब्ध गराउनुको साथै, सार्वजनिक बिदाको दिन कार्य गरेको हकमा निजलाई १ दिनको तलब बराबर रकम उपलब्ध गराउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.१२ : मेलम्ची नगरपालिका २ नं. वडा कार्यालयको च.नं. १३६० मिति २०८२/०६/२८ को पत्र तथा सोही मितिको वडा समितिको निर्णयानुसार मेलम्ची नगरपालिका वडा नं. २ स्थित जाल्पा देवी मन्दिर निर्माणको लागि आ.व. २०८२/०८३ मा रु. ५० लाख बजेट विनियोजन भएको एवं उक्त मन्दिर निर्माणका लागि बृहत परियोजना प्रतिवेदन (DPR)समेत स्वीकृत भइसकेको हुँदा DPR बमोजिम मन्दिर निर्माणको कार्य सम्पन्न गर्न नपुग रकम आगामी नगरसभाबाट श्रोत व्यवस्थापन गर्ने गरी बहुवर्षिय योजनाको रुपमा ठेक्का व्यवस्थापन गर्नको लागि लेखि आएको हुँदा उक्त योजना निर्माणका लागि नपुग रकम आगामी नगर सभाबाट श्रोत व्यवस्थापन गर्ने गरी हाल उक्त योजनालाई बहुवर्षिय योजनाको रुपमा ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

निर्णय नं. ६३.१३ : मेलम्ची नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. ४५८ मिति २०८२/०६/३० को पत्रबाट मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डडुवा अम्फेचौर भटमासे मोटर बाटो स्तरोन्नतीका लागि आ.व. २०८२/०८३ को नगर सभाबाट रु. ५० लाख बजेट विनियोजन भएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम उक्त योजनाको निर्माण कार्य सम्पन्न गर्न बजेट नपुग हुने भएकोले आगामी नगरसभाबाट श्रोत व्यवस्थापन गर्ने गरी बहुवर्षिय योजनाको रुपमा ठेक्का व्यवस्थापन गर्नको लागि लेखि आएको हुँदा उक्त उक्त मोटर बाटो निर्माणका लागि नपुग रकम आगामी नगर सभाबाट श्रोत व्यवस्थापन गर्ने गरी हाल उक्त सडकलाई बहुवर्षिय योजनाको रुपमा ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.१४ : मेलम्ची नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. ४५९ मिति २०८२/०६/३० को पत्रबाट मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डुँडेखोला र वडाका अन्य स्थानमा मापदण्ड विपरित निर्माण भएका स्वागत गेटहरु हाल जीर्ण भई जोखिमयुक्त अवस्था रहेका स्वागत गेट हटाउनको लागि लेखि आएको हुँदा प्राविधिक अध्ययनका आधारमा सडक मापदण्ड विपरित तथा जोखिमयुक्त स्वागत गेटहरु हटाउन स्वीकृति दिने निर्णय गरियो।

निर्णय नं. ६३.१५ : मेलम्ची नगरपालिका १३ नं. वडा कार्यालयको च.नं. २२८ मिति २०८२/०६/२७ को पत्रबाट आ.व. २०८२/०८३ नगर सभाबाट स्वीकृत क्रसर प्रभावित कार्यक्रम अन्तर्गत विनियोजन भएको बजेटमध्येबाट खर्च हुने गरी मेलम्ची नगरपालिका वडा नं. १३, फटकशिलाका सबै सडक सफा शिर्षकमा बजेट विनियोजनका लागि लेखि आएको हुँदा सोही बमोजिम उक्त शिर्षकमा बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.१६ : मेलम्ची नगरपालिकाबाट संचालन हुने कृषि विकास कार्यक्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि मेलम्ची नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ र कृषक समूह दर्ता तथा कृषि व्यवसाय सूचिकृत कार्यविधि, २०८२ निर्माण गरी पेश गर्नका लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१. आर्थिक विकास समितिका संयोजक श्री किरण दिप खड्का – संयोजक
२. कार्यपालिका सदस्य श्री गोमा दुलाल – सदस्य
३. पशु सेवा शाखा प्रमुख श्री उपेन्द्र पण्डित - सदस्य
४. स.ले.पा. श्री श्याम शरण थापा - सदस्य
५. कृषि विकास शाखा प्रमुख श्री अमरनाथ आचार्य – सदस्य सचिव

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

निर्णय नं. ६३.१७ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ मा महिला तथा बालबालिका पुनर्स्थापना केन्द्र संचालनका लागि रु. ५ लाख बजेट विनियोजन भएको एवं जोखिममा रहेका महिला तथा बालबालिकाहरुको संरक्षण एवं कानूनी पैरवीका लागि विगत वर्षमा समेत बजेट बिनियोजन भई बालगृह तथा जोखिममा रहेका महिला उद्दार तथा पुनर्स्थापनाको कार्य संचालन गरिएको र चालु आ.व. २०८२/०८३ मा समेत उक्त कार्यक्रम संचालनका बजेट विनियोजन भएकोले महिला आत्म निर्भरता केन्द्रको च.नं.२३ मिति २०८२/०६/२१ गतेको पत्रबाट उक्त कार्यक्रम संचालनका लागि प्रस्तावना पत्र समेत पेश भएको हुँदा उक्त प्रस्तावना पत्रमा उल्लेख भएका कार्यक्रमहरु संचालन गर्न महिला आत्म निर्भरता केन्द्रसंग सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.१८ : मेलम्ची नगरपालिका वडा नं. ६ र ७ जोड्ने तालामाराङ भट्टार सडक खण्ड अन्तर्गत मेलम्ची नदीको बहाब कम भएको र यातायातका साधनहरु संचालन एवं स्थानीय नागरिकहरुलाई सहज रुपमा यातायात सेवा संचालनका लागि प्राविधिक लागत इष्टिमेट बमोजिम विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी ह्युम पाइप राख्न तथा सडक स्तरोन्नती गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.१९ : मेलम्ची नगरपालिकाबाट नगरपालिका घोषणा हुनु पूर्व निर्माण गरिएका घरहरुको अभिलेखीकरण गर्नका लागि एक वर्ष समय सीमा कायम गरी खुला गरिएकोमा उक्त समय सीमा भित्र घरहरुको अभिलेखीकरण गर्ने कार्य अझै बाँकी रहेको र अभिलेखीकरण गर्ने म्याद समेत समाप्त भएकोले सोही प्रयोजनाका भवनहरुको अभिलेखिकरणका लागि मिति २०८३ असार मसान्त म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.२० : संयुक्त राज्य अमेरिकाको आर्थिक अनुदान सहयोगमा संचालित एम. सि. ए. नेपाल परियोजना अन्तर्गत विद्युत सुधार आयोजना High Tension Line यस मेलम्ची नगरपालिका क्षेत्रको वडा नं. १, २, ३ र ४ प्रभावित वडा भित्र पर्ने भएको हुँदा उक्त क्षेत्रलाई आन्तरिक एवं बाह्य पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न एवं नेपालको राजधानी काठमाडौंसम्म स्थानीय नागरिकहरुले उत्पादन गरेका कृषि उपजहरु सहज र सरल रुपमा बिक्री वितरणका लागि छोटो र सहज सडक यातायातको विकासको लागि मेलम्ची नगरपालिका भित्रको एम.सि.सि. प्रभावित क्षेत्र भित्र पर्ने नगर चक्रपथ अन्तर्गत सिन्धुखोला-डाँडागाउँ- महभिर- जिरोकिलो- हैबुङ -पाटीभञ्ज्याङ्- ओख्रेनीचौर- तालामाराङ सडकलाई कालोपत्रे गर्न आवश्यक बजेट व्यवस्थाको लागि नेपाल सरकार/भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६३.२१ : मेलम्ची नगरपालिका क्षेत्र भित्र संचालित विभिन्न निजी स्वास्थ्य संस्थाहरुको अनुगमन गर्नको लागि गठित अनुगमन टोलीबाट मिति २०८२/०६/२८ गते स्थलगत अनुगमन गरी पेश भएको प्रतिवेदन कार्यपालिका बैठकमा छलफल गरियो। अनुगमन समितिले पेश गरेको प्रतिवेदन बमोजिम मापदण्ड पूरा नगरी संचालन गरिएका निजी स्वास्थ्य संस्थाहरु सम्बन्धमा कानून बमोजिम प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा प्रतिवेदन कार्यान्वयनका लागि लेखि पठाउने निर्णय गरियो।

निर्णय नं. ६३.२२ : मेलम्ची नगरपालिका क्षेत्र भित्रका विभिन्न बजारहरुमा जडान गरिएका सौर्य बत्ती बिग्रिएर हाल प्रयोगमा नआएको गुनासो प्राप्त भएको हुँदा प्राविधिक लागत अनुमान तयार गरी संचालनमा नआएका सौर्य बत्तीहरु मर्मत संभार गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ६३.२३ : मेलम्ची नगरपालिका वडा नं. ७ स्थित नमुना युथ एक्टिभ ग्रुपको च.नं. १०४ मिति २०८२/०६/२५ गतेको पत्रबाट नेपालीहरुको महान पर्व शुभ दिपावली, २०८२ को अवसरमा पहिलो मेलम्ची दिपावली साँझ, २०८२ कार्यक्रम संचालनका लागि प्रस्तावना पत्र पेश भएको हुँदा उक्त कार्यक्रम संचालनका रु. ५ लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची - १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगर कार्यपालिकाको मिति २०८२/०६/३० गतेको बैठकमा फरफारकको लागि पेश गरिएको प्रतिवेदन

| क.सं. | अनुगमन गरिएका योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेन्जेन्सी सहित) | खरिद प्रक्रिया | भएका कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | Rehabilitation Works at Melamchi Talamarang Road | ९९७८७३.०७ | - | ११ र ६ | ९७९८७२.९४ | सोझौ खरिद (कोटेशन) | ठाउँठाउँमा नाली सफा र पहिरो पन्छाउने कार्य र सडकमा भएको खाल्डाखुल्डी पुरी आवश्यक स्थानमा नेचुरल ग्राभेल हाल्ने कार्य भएको । |
| २ | River Channelization and Temporary Pipe Colvert Works at Melamchi River (Fatte Section) | ९९९२८२.७१ | | ११ | ९७७७३२.५५ | सोझौ खरिद (कोटेशन) | अस्थाई ह्यूमपाईप कल्भर्ट राखनको लागि खोला गहिराई,खोलाको बहावलाई एकत्रित गरि ह्यूमपाईप कल्भर्ट निर्माण कार्य गरि यातायातका सवारी साधन आवतजावत गर्ने कार्य भएको । |
| ३ | Manebhanjyang Landslide clearance | ९७६०२.८७ | | ६ | ९६७०८.१९ | सोझौ खरिद (कोटेशन) | पहिरो पन्छाउने कार्य गरिएको, सडक ग्रेडिङ्ग गरिएको र सडकको तल्लो पट्टीको भासिएको स्थानमा ब्याक फिलिङ गरिएको । |

२०८२।६।३०

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल